आज मिति २०७९ साल जेठ १९ गतेका दिन मधुवन नगरपालिका नगर कार्यपालिकाको बैठक नगरप्रमुख श्री तेजवहादुर भाटको अध्यक्षतामा बस्यो । उक्त बैठक को उपस्थिति र निर्णय देहाय बमोजिम छन् ।

| क्र.स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तेजबहादुर भाट | प्रमुख | |
| २ | अनिता चौधरी | उप प्रमुख | |
| ३ | नोखिराम ओली | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | मिनबहादुर थापा | वडाध्यक्ष वडा नं. १ | |
| ५ | आशाराम चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ६ | नारायण मल्ल | वडाध्यक्ष वडा नं. ३ | |
| ७ | बलिराम चौधरी | वडाध्यक्ष वडा नं. ४ | |
| ८ | दिलिप गुरूङ | वडाध्यक्ष वडा नं. ५ | |
| ९ | चन्द्रसिं गुरूङ | वडाध्यक्ष वडा नं. ६ | |
| १० | राजेन्द्र हमाल | वडाध्यक्ष वडा नं. ७ | |
| ११ | मेकवहादुर गुरूङ | वडाध्यक्ष वडा नं. ८ | |
| १२ | हर्कबहादुर वस्नेतक्षेत्री | वडाध्यक्ष वडा नं. ९ | |
| १३ | सिता सुनार | कार्यपालिका सदस्य | |
| १४ | विरमा चौधरी | कार्यपालिका सदस्य | |
| १५ | मायादेवी परियार | कार्यपालिका सदस्य | |
| १६ | ताराकुमारी आचार्य | कार्यपालिका सदस्य | |
| १७ | राधा पौडेल क्षेत्री | कार्यपालिका सदस्य | |
| १८ | पाले कामी | कार्यपालिका सदस्य | |
| १९ | समशेरबहादुर सार्की | कार्यपालिका सदस्य | |
| २० | कृष्ण परियार | कार्यपालिका सदस्य | |

सहजीकरण :-

खिमराज पोखेल -लेखा अधिकृत/सुचना अधिकारी

राम बहादुर थापा – योजना अधिकृत

इन्दिरा पौडेल – सुचना प्रविधि अधिकृत

नव निर्वाचित जनप्रतिनिधिहरुको पहिलो कार्यपालिका बैठक मिति २०७९/०२/१९ का मुख्य एजेन्डाहरु

स्थानीय तह निर्वाचन २०७९ बाट नवनिर्वाचित सम्पूर्ण जनप्रतिनिधिज्यु हरुलाई हार्दिक बधाई

प्रस्तावहरु

१. धन्यवाद ज्ञापन सम्वन्धमा

२.बिषयगत समिति गठन गर्ने सम्वन्धमा

३.निलासागर ब्रिद्द आश्रमलाई सहयोग बारेमा

४.वन्यजन्तु तथा जंगली जनावर बाघ हात्तीको आक्रमणबाट मृत्यु हुनेहरुको परिवारलाई सहयोग सम्बन्धमा कार्यविधि संशोधन

५.कक्षा १-१२ निशुल्क शिक्षा सम्बन्धि कार्यदल गठन

६.छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन

७.वार्ड नं १ को तटबन्धन सम्बन्धमा

८.नगर स्तरीय तथा वडा स्तरीय विपद व्यवस्थापन समिति गठन सम्बन्धमा

९. सडक दायाँबाया बृक्षारोपण सम्वन्धमा

१०.अलपत्र परेका तथा हालसम्म समयमा आयोजना सम्पन्न नगरेका निर्माण व्यवसायी र नदीजन्य पदार्थको राजस्व समबन्धमा

निर्णयहरु

निर्णय नं १-प्रस्ताब नं १ मा छलफल गर्दा स्थानीय तह निर्वाचन २०७९ मा आफ्नो अमुल्य मत दिई मधुवन नगरपालिकाका नव निर्वाचित जन प्रतिनिधिलाई बिजयी गराउने तथा सहयोग गर्ने सम्पूर्ण उमेद्वार तथा मधुवन बासीलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्ने तथा निवर्तमान जनप्रतिनिधिले मधुवन नगरपलिकाको बिकास र समृद्दीमा सहयोग गरि आफ्नो जिम्मेवारी निभाएका निवर्तमान जनप्रतिनिधिलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

निर्णय नं २-प्रस्ताब नं २ मा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो।

क) दफा ६५ बमोजिम राजस्व परामर्स समिति

| | | |
|---|---|---|
| अनिता चौधरी – | नगर उप-प्रमुख | संयोजक |
| नोखिराम ओली- | प्र.प्र.अ. | सदस्य |
| कृष्ण परियार | -कार्यपालिका सदस्य | सदस्य |
| बिरमा चौधरी – | महिला कार्यपालिका सदस्य | सदस्य |
| | -उद्योग वाणिज्य संघ प्रतिनिधि | सदस्य |
| | -घरेलु तथा साना उद्योग सम्बन्धि सस्था प्रतिनिधि | सदस्य |

ख) दफा ६६ बमोजिम श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति

| | | |
|---|---|---|
| तेज बहादुर भाट- | नगर प्रमुख | संयोजक |
| अनिता चौधरी | -नगर उप- प्रमुख | सदस्य |
| राधा पौडेल क्षेत्री – | कार्यपालिका सदस्य महिला तर्फ | सदस्य |
| मायादेबी परियार – | कार्यपालिका सदस्य दलित तर्फ | सदस्य |
| पाले कामि | -कार्यपालिका सदस्य | सदस्य |
| तारा कुमारी आचार्य – | कार्यपालिका सदस्य | सदस्य |

निर्णय नं ३- प्रस्ताब नं ३ मा छलफल गर्दा मधुवन नगरपलिका वडा नं ६ स्थित निलासागर बृद्द आश्राम लाई जेष्ठ र असाढको घरभाडा बापत प्रति महिना रु. १२०००/- ( अक्षररुपी बाह्रहजार ) नगरपालिकाले दिने निर्णय गरियो|

निर्णय नं ४ – प्रस्ताब नं ४ मा छलफल गर्दा बन्यजन्तु तथा जंगली जनवार (बाघ, हात्ती, गैडा) को आक्रमणबाट मृत्यु हुने परिवारलाई प्रति व्यक्ति रु. ७५,०००/- (अक्षररुपी पचहत्तर हजार) क्षतिपूर्ति बापत नगर विपद व्यवस्थापन कोषबाट दिने निर्णय गरियो|

निर्णय नं ५- प्रस्ताब नं ५ मा छलफल गर्दा कक्षा १-१२ निशुल्क शिक्षा तथा शैक्षिक गुणस्तर अभिबृदीका लागि १५ दिन भित्र मधुवन नगरपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्ने गरी तपसिल अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो|

| | |
|---|---|
| मिन बहादुर थापा – वडा अध्यक्ष वडा नं १ | -संयोजक |
| सरस्वति प्रा.बि. पथ्थरबोझि वडा नं १ प्र.अ. | -सदस्य |
| ने.रा.आ.बि. दशरथ बस्ति वडा नं ७ प्र.अ. | -सदस्य |
| गुराँस मा.बि बुद्दनगर वडा नं ६ प्र.अ. | -सदस्य |
| नमुना मा.बि ढोढरी बि.व्य.स. अध्यक्ष | -सदस्य |
| शिक्षक महासंघ तथा संगठनका प्रतिनिधि | -सदस्य |
| नगर प्रमुखले तोकेको अभिभाबक संघको अध्यक्ष प्रतिनिधि | -सदस्य |
| शिक्षा शाखा प्रमुख | -सदस्य सचिब |

निर्णय नं ६- प्रस्ताब नं ६ मा छलफल गर्दा छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापनका कार्यकालागि तपसिल बमोजिमको छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| मेक बहादुर गुरुङ वडा अध्यक्ष वडा नं -८ | -संयोजक |
| नारायण मल्ल वडा अध्यक्ष वडा नं -३ | -सदस्य |
| बलिराम चौधरी वडा अध्यक्ष वडा नं -४ | -सदस्य |
| चन्द्र बहादुर गुरुङ वडा अध्यक्ष वडा नं -६ | -सदस्य |
| हर्क बहदुर बस्नेत वडा अध्यक्ष वडा नं -९ | -सदस्य |
| पशु सेवा शाखा प्रमुख | -सदस्य सचिब |

निर्णय नं ७- प्रस्ताब नं ७ मा छलफल गर्दा वडा नं १ को भगरिपुरवाको झरन तथा खोला र वडा नं २को अमरपुर कुस्मिनियाको दुन्द्रा खोलाले निरन्तर कटानी गर्दा बालीनाली तथा बस्ति जग्गा जमिनको क्षति भैरहेको हुँदा थप क्षति तथा कटानी नियन्त्रण तथा रोकथामका लागि तत्कालका लागि विपद व्यवस्थापन कोषबाट रु. ५०,००,०००/- (अक्षररुपी पचास लाख) रकम छुट्याई कार्य अगाडी बढाउने निर्णय गरियो|

निर्णय नं ८- प्रस्ताब नं ८ मा छलफल गर्दा नगर तथा वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं ९- प्रस्ताब नं ९ मा छलफल गर्दा सबै वडामा रहेका मापदण्ड भित्र रहेका सडकहरुको दायाँ बाँया वृक्षारोपण गरि बातावरण सन्तुलन संरक्षण तथा हरियाली बस्ति बनाउने निर्णय गरियो|

निर्णय नं १०- प्रस्ताब नं १० मा छलफल गर्दा अधुरो रहेका विभिन्न आयोजनाहरुको ठेक्काको सन्दर्भमा कडी कडाइका साथ अगाडी बढ्ने तथा १ बर्ष भन्दा बढी समय आयोजना अधुरो राख्ने तथा आयोजनाको म्याद थप समेत नगरी बसी नगरपालिकाको बिकाशमा क्षति पुर्याउने निर्माण व्यवसायी र नदीजन्य पदार्थको राजस्व रकम हाल सम्म जम्मा नगरेका ठेकेदारलाई सचेत गराई बाँकी रकम असुल गर्ने निर्णय गरियो|

प्रमाणित
२०७३/०२/२०